# चन्द्रागिरी नगरपालिका

**चन्द्रागिरी नगरपालिका**

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः श्रावण १ गते, २०७५

## भाग-१

## चन्द्रागिरी नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रगिरी नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७५ सालको ऐन नं. १

## चन्द्रागिरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चन्द्रागिरी नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यो ऐनको नाम चन्द्रागिरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन चन्द्रागिरी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

## २. परिभाषा :

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले चन्द्रागिरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले चन्द्रागिरी नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले चन्द्रागिरी नगरपालिका सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ को अधिनमा रही गठन भएको चन्द्रागिरी नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

## ३. नियम बनाउने अधिकार :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

## ४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :

(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०७५ /४/१ गते

**आज्ञाले,**
**सीता परियार**
**प्रमुख प्रशासकीय अधिकृत**

मुल्य रु ५